२०८२

# एक महिने प्रमाणीकरण तालिम पाठ्यक्रम

## आधारभूत तह (१-३)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

विषयसूची


| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १. | परिचय | १ |
| २. | सक्षमता | १ |
| ३. | तालिमको संरचना | २ |
| ४. | विषयवस्तु | ३ |
| ५. | तालिम कार्यान्वयन विधि | ५ |
| ६. | मूल्याङ्कन | ६ |
| ७. | परियोजना कार्य | ९ |

## १. परिचय

शिक्षकको पेसागत विकासका लागि शिक्षक तालिम अपरिहार्य छ । शिक्षकको कार्य दक्षतामा सुधारका लागि शिक्षण गर्ने विषयमा निरन्तर पेसागत सहयोगको आवश्यकता पर्दछ । शिक्षकको पेसागत दक्षता विकास गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षक तालिमलाई अनिवार्य बनाइएको छ । शैक्षिक सत्र २०७७ देखि कक्षा १-३ मा एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हो । विद्यार्थीलाई एकीकृत सिकाइको अवसर प्रदान गर्न शिक्षकको पेसागत दक्षता विकासका लागि यो पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रममा शिक्षक पेसागत विकास प्रारूप, २०८० को मर्मअनुसार भाषा, गणित र सेरोफेरोमा आधारित विषयवस्तु समावेश गरिएको छ ।

यस पाठ्यक्रममा आधारभूत तहको कक्षा १-३ को पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको अध्ययन, शिक्षणमा प्रयोग गरिने विधिहरू, सामग्रीहरू र प्रविधिको प्रयोग, एकीकृत विषयवस्तुहरू, कक्षा व्यवस्थापन, शिक्षक पेसागत विकासका विधिहरू, पाठ अध्ययन र अभ्यास, कार्यमूलक अनुसन्धान तथा विद्यार्थी मूल्याङ्कन समावेश गरिएका छन् । परिवर्तित पाठ्यक्रमको संरचनामा नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयलाई विभिन्न विषयक्षेत्रमा आधारित भई बहुविषयक ढाँचामा एकीकृत गरिएको छ । त्यस्तै विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ, शारीरिक शिक्षा तथा सिर्जनात्मक कला विषयलाई विभिन्न विषयक्षेत्रका आधारमा अन्तरविषयक ढाँचामा एकीकरण गरी हाम्रो सेरोफेरो विषयमा समावेश गरिएको छ । यस तालिम पाठ्यक्रमको कार्यान्वयनबाट शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरणका लागि पेसागत दक्षता विकास हुने छ ।

## २. सक्षमता

**यो तालिमको अन्त्यमा शिक्षकहरूमा निम्नानुसारका सक्षमता विकास हुने छन् :**

(क) आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम तथा पाठ्यसामग्रीको सैद्धान्तिक आधार तथा ढाँचाको बोध र विश्लेषण

(ख) विषय क्षेत्रका एकीकृत विषयवस्तु पहिचान र सिकाइ सहजीकरणमा उपयोग

(ग) सिकाइ सहजीकरणका लागि विषयवस्तुहरूको एकीकरण तथा नमुना शिक्षण सिकाइ क्रियाकलापहरूको विकास र कक्षाकोठा व्यवस्थापनसहितको शिक्षण

(घ) एकीकृत पाठ्यक्रममा आधारित भई विकास भएका सिकाइ सामग्रीको पहिचान र प्रयोग

(ङ) एकीकृत पाठ्यक्रममा आधारित नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयको सिकाइ सहजीकरण योजना निर्माण र सहजीकरण सिपको विकास

(च) एकीकृत पाठ्यक्रममा आधारित नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयमा विद्यार्थी सिकाइ मूल्याङ्कन तथा अभिलेखीकरण सिप विकास

(छ) शिक्षक पेसागत विकासका विधिको बोध र व्यावहारिक प्रयोग

(झ) सिकाइमा नवीनतम प्रविधिको प्रयोग, समस्या समाधान र समालोचनात्मक सिप विकास

**३ . तालिमको संरचना**

- प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ।
- ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ।
- पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।
- दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ।

**विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू**

| क्र.स. | क्रियाकलाप | भार |
|---|---|---|

| | | (कार्यदिन) |
|---|---|---|
| १. | कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण | ३ |
| २. | शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) | २ |
| ३. | कार्यमूलक अनुसन्धान | २ |
| ४. | पाठ अध्ययन अभ्यास (Lesson Study Practice) योजना, कार्यान्वयन, प्रतिबिम्बन र सुधार | २ |
| ५. | सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग | २ |
| ६. | सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग | २ |
| ७. | १५ दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | २ |
| **जम्मा दिन** | | **१५** |

## ४. विषयवस्तु

| **क्र. स.** | **विषयवस्तु** | **विषयवस्तुको विस्तृतीकरण** | **सत्र भार** |
|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री | • एकीकृत पाठ्यक्रमको परिचय तथा विशेषता<br>• आधारभूत तह कक्षा १-३ को पाठ्यक्रमअनुसार पाठ्यक्रम संरचना, एकीकृत ढाँचा, व्यवहारकुशल सिप, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनसम्बन्धी व्यवस्था | ३ |

| | | | |
|---|---|---|---|
| | | ● पाठ्यसामग्रीको परिचय र प्रयोग | |
| २. | शैक्षणिक योजना निर्माण | ● वार्षिक शैक्षणिक योजना, विषयक्षेत्रगत (Themewise) योजना र विषय विशेष र अन्य विषयको साझा सिकाइका विषयवस्तुको खोजी गरी दैनिक पाठयोजनाको निर्माण र प्रस्तुति<br>● कक्षा शिक्षण योजना निर्माण र प्रस्तुति | ३ |
| ३. | कक्षाकोठा व्यवस्थापन | ● कक्षा व्यवस्थापन (भौतिक व्यवस्थापन, शैक्षणिक व्यवस्थापन, ठुलो कक्षा व्यवस्थापन, शिक्षणमा विविधता व्यवस्थापन)<br>● विद्यार्थीको सिकाइस्तरअनुसारको सहजीकरण व्यवस्था<br>● सकारात्मक अनुशासन, बालमैत्री सिकाइ र व्यवहार | ३ |
| ४. | नेपाली | • नेपाली विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय तथा प्रयोग<br>• शैक्षणिक सामग्रीको छनोट, सङ्कलन, निर्माण र प्रयोग<br>• भाषिक तत्त्वका आधारमा नेपाली भाषाको शिक्षण<br>• नेपाली भाषाको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया<br>• नेपाली विषयको सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग<br>• भाषिक मूल्याङ्कन र यसका साधन विकास तथा प्रयोगनमुना पाठ प्रस्तुति<br>• नेपाली विषय र अन्य विषयका | ६ |

| | | | |
|---|---|---|---|
| | | विषयवस्तुलाई एकीकरण गर्न सकिने साझा विषयको खोजी गरी पाठयोजना निर्माण, शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान<br>• विद्यार्थी मूल्याङकनको थिमगत अभिलेखीकरण अभ्यास | |
| ५. | English | • Review of Basic Level (Grade 1-3) English curriculum, work/textbooks and teachers' guide<br>• Learning resources for teaching English: selection, collection, production and use<br>• Embedding ICT in language pedagogy<br>• Designing lessons for teaching language skills and aspects<br>• Games and techniques of English language teaching<br>• Development and use of tools for language assessment<br>• Planning lessons in integrated theme<br>• Demonstrating model class and exchanging feedback<br>• Thematic documentation practice of students' assessment | ६ |
| ६. | गणित | • गणित विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय र प्रयोग<br>• शैक्षणिक सामग्रीको छनोट, सङ्कलन, निर्माण र प्रयोग<br>• गणित विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया<br>• गणित विषयको सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग<br>• विद्यार्थी मूल्याङ्कनका साधन विकास र प्रयोग<br>• नमुना पाठ प्रस्तुति | ६ |

| | | | |
|---|---|---|---|
| | | • गणित विषय र अन्य विषयलाई एकीकरण गर्न सकिने साझा विषयवस्तुको खोजी गरी पाठयोजना निर्माण, शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान<br>• विद्यार्थी मूल्याङ्कनको थिमगत अभिलेखीकरण अभ्यास | |
| ७. | हाम्रो सेरोफेरो | • हाम्रो सेरोफेरो विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय र प्रयोग<br>• शिक्षण सिकाइ क्रियाकलापमा सामाजिकीकरणका सिपको एकीकरण<br>• शैक्षणिक सामग्रीको छनोट, सङ्कलन, निर्माण र प्रयोग<br>• हाम्रो सेरोफेरो विषयको सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग<br>• हाम्रो सेरोफेरो विषयको सिकाइ सहजीकरण विधि तथा प्रक्रिया<br>• विद्यार्थी मूल्याङ्कनको साधन विकास र प्रयोग<br>• नमुना पाठ प्रस्तुति<br>• हाम्रो सेरोफेरो विषय र अन्य विषयलाई एकीकरण गर्न सकिने साझा विषयवस्तुको खोजी गरी पाठयोजना निर्माण, शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान<br>• विद्यार्थी मूल्याङ्कनको थिमगत अभिलेखीकरण अभ्यास | ८ |
| ८. | ग्रेडसिट निर्माण र कार्यसञ्चयिका व्यवस्थापन | • विषयगत सिकाइ उपलब्धिका आधारमा ग्रेडसिट निर्माण<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली | २ |

| | | | |
|---|---|---|---|
| | | (IEMIS) मा विद्यार्थी मूल्याङ्कनको अभिलेखीकरण र ग्रेडसिट निर्माण<br>● विद्यार्थीको कार्यसञ्चयिका निर्माण र व्यवस्थापन | |
| ९. | शिक्षक पेसागत विकासका विधि | ● शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८० अनुसार शिक्षक पेसागत विकासका विधिको परिचय र पेसागत विकासमा अवलम्बन | १ |
| १०. | कार्यमूलक अनुसन्धान | ● कार्यमूलक अनुसन्धानको अवधारणा र अभ्यास | २ |
| ११. | पाठ अध्ययन (Lesson Study) | ● पाठ अध्ययनको अवधारणा र अभ्यास | ३ |
| १२. | परीक्षा र परियोजना कार्य | ● सहभागीको परीक्षा<br>● परियोजना कार्यको अभिमूखीकरण | १ |
| १३. | कार्ययोजना र मूल्याङ्कन | ● कार्ययोजना निर्माण<br>● तालिम मूल्याङ्कन | १ |
| | **जम्मा सत्र** | | **४५** |

*नोट : प्रत्येक सत्र १ घण्टा ३० मिनेटको हुने छ ।*

## ५. तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूह आधारभूत तह कक्षा १-३ अध्यापनरत शिक्षकहरू हुने छन् । सहभागी छनोट गर्दा देहायका प्राथमिकताका आधार अवलम्बन गरिने छ :

  (अ) प्रमाणीकरण तालिम नलिएका स्थायी शिक्षक

  (आ) प्रमाणीकरण तालिम नलिएका अन्य शिक्षक

- प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुने यस प्रमाणीकरण तालिमका सहभागीहरू स्थानीय तहबाट छनोट भएका हुने छन् ।
- शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ।
- शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २०% सम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।
- यस तालिमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छ ।
    - साझा तथा खुला मञ्चहरूको प्रयोग
    - समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू
    - स्वाध्याय विधि
    - अनुसन्धानात्मक विधि
    - प्रतिबिम्बात्मक विधि
    - परियोजना विधि
    - दूर सिकाइ विधि
    - अन्तरक्रिया तथा छलफल विधि
    - प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि

- ○ जोडी कार्य तथा समूह कार्य विधि
- ○ खेल विधि
- ○ समस्या समाधान

- एक महिने प्रमाणीकरण तालिमको दोस्रो खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।
- तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारूप (परिमार्जन संस्करण), २०८० अनुसार मूल्याङ्कन र शैक्षिक जनशक्ति विकास परिषद्को निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको प्रमाणीकरणपश्चात् सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. मूल्याङ्कन

(क) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनको कुल भार १०० अङ्कको हुने छ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ।

| **क्र.स.** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|
| **पहिलो खण्ड :आमनेसामने, अनलाइन तथा मिश्रित** (Blended) **पद्धतिमा आधारित कार्यशाला** | | |
| **१.** | **सहभागिता** | **१५** |
| १.१ | उपस्थिति | ३ |
| १.२ | छलफल तथा प्रस्तुतीकरणमा सक्रियता | ६ |

| | | |
|---|---|---|
| १.३ | आचारसंहिताको पालना | ३ |
| १.४ | तालिमप्रतिको प्रतिबद्धता | ३ |
| २. | **लिखित परीक्षा** | **३०** |
| ३. | **विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण** | **५** |
| | **जम्मा** | **५०** |
| **दोस्रो खण्ड :विद्यालयमा आधारित तालिमका क्रियाकलाप** | | |
| १. | कार्यसम्पादन | २१ |
| २. | प्रतिवेदन | २१ |
| ३. | प्रस्तुतीकरण | ८ |
| | **जम्मा** | **५०** |
| **दुवै खण्डको कुल जम्मा** | | **१००** |

(ग) तालिममा अनुपस्थित रहँदा प्रति सत्र ०.५ अङ्क घटाइने छ र तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा नभएको मानिने छ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा संक्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तरको प्रश्नमा १० अङ्क छुट्याइने छ । तालिमको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्रनिर्माण गरिने छ ।

(ङ) शिक्षकले तोकिएका कार्यहरू विद्यालयका प्रधानाध्यापकसँगको समन्वय, सहकार्य, सहयोग र सहजीकरणमा सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधारहरू निम्नबमोजिम हुने छः

| **क्र.स.** | **क्षेत्र** | **मूल्याङ्कनका आधार** | **अङ्क** |
|---|---|---|---|
| १. | कार्यसम्पादन | १. कम्तीमा १० ओटा पाठयोजनासहित अभ्यास शिक्षण<br>२. शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)<br>३. कार्यमूलक अनुसन्धान<br>४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice)<br>५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग<br>६. सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग<br>७. पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य | ७ × ३ = २१ |
| २. | प्रतिवेदन | प्रतिवेदनको गुणस्तरीयता<br>१. ढाँचा | ७ ओटा प्रतिवेदन |

| | | | |
|---|---|---|---|
| | | २. विषयवस्तुको प्रस्तुति<br>३. विश्वासनीय प्रमाणहरू | × ३ = २१ |
| **३.** | प्रस्तुतीकरण | १. आत्मविश्वास<br>२. प्रस्तुतीकरण शैली<br>३. तर्कपूर्ण अभिव्यक्ति<br>४. प्रतिबिम्बन | ८ |

(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छः

| **क्र.स.** | **श्रेणी** | **अङ्क** |
|---|---|---|
| १. | विशिष्टतासहितको प्रथम श्रेणी | ९० र सोभन्दा माथि |
| २. | प्रथम श्रेणी | ८० देखि ९० अङ्कभन्दा कम |
| ३. | द्वितीय श्रेणी | ६५ देखि ८० अङ्कभन्दा कम |
| ४. | तृतीय श्रेणी | ५० देखि ६५ अङ्कभन्दा कम |
| ५. | अनुत्तीर्ण | ५० भन्दा कम अङ्क |

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ।

## ७. परियोजना कार्य

दोस्रो खण्डका लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणामका (Output) रूपमा प्रत्येक प्रशिक्षार्थीले सम्पादन गरेका कार्यको अलग अलग प्रतिवेदन शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा प्रस्तुतीकरण गरी पेस गर्नुपर्ने छ ।

## परियोजना कार्य १ : पाठयोजनामा आधारित शिक्षण अभ्यास

- कम्तीमा फरक फरक १० ओटा पाठयोजना तयारी गर्ने
- प्रत्येक पाठयोजनाका आधारमा शैक्षणिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने

- विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने

  नोट : यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

**परियोजना कार्य २ : शिक्षण सुधार योजना** (Teaching Improvement Plan-TIP)

- शिक्षकले आफ्नो शिक्षण सुधारका लागि आधारभूत तह, कक्षा १-३ का लागि दिइएको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) र सोको कार्यान्वयनको उपलब्धि प्रतिवेदन तयार पार्ने

**शिक्षण सुधार योजना (TIP)**

शिक्षकको नाम : ..........................................

विद्यालयको नाम : ........................................................

योजना अवधि : २०८ ............................... महिनादेखि २०८ .......................... महिनासम्म

| क्र. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू |
|---|---|---|---|---|
| **१.** | **विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क** | | | |
| (क) | कक्षा ........... विषय ............. | | | |
| (ख) | कक्षा ........... विषय ............. | | | |
| २. | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ | | | |

| क्र. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू |
| --- | --- | --- | --- | --- |
| | मा मापन गर्ने) | | | |
| ३. | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | |
| ४. | स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापक बाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर | | | |

.................. .................. .................. ..................

**मिति** **शिक्षकको दस्तखत** **प्रअको दस्तखत** **विद्यालयको छाप**

## शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन

शिक्षकको नाम : ……………..........................

विद्यालयको नाम : ..............……………………………...

योजना अवधि : २०८ ….…….......... महिनादेखि २०८ ......…….….........महिनासम्म

| क्र. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| **१.** | **विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क** | | | | | |
| **(क)** | कक्षा ………..<br>विषय ………. | | | | | |
| **(ख)** | कक्षा ………..<br>विषय ……. | | | | | |
| **२.** | स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| **३.** | प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या | | | | | |
| **४.** | स्वमूल्याङ्कन | | | | | |


| क. स. | सूचक | मौजुदा स्थिति (Baseline) | अपेक्षित लक्ष्य | लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू | प्रगति | कार्यसम्पादनको अनुभव |
|---|---|---|---|---|---|---|
| | का आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने) | | | | | |
| ५. | प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर) | | | | | |

.................. .................. .................. ..................

मिति शिक्षकको दस्तखत प्रअको दस्तखत विद्यालयको छाप

**परियोजना कार्य ३ : कार्यमूलक अनुसन्धान**

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने





**कायमूलक अनुसन्धानका लागि सम्भावित क्षेत्रहरू**

- शिक्षकलाई सिकाइ सहजीकरण गर्न तथा विद्यार्थीलाई सिक्न समस्या भएको विषयवस्तु शिक्षण
- फरक फरक सिकाइ स्तरका विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरअनुसार शिक्षण
- विद्यार्थीका सिकाइ शैलीका आधारमा शिक्षण
- विद्यार्थीमा नेतृत्व क्षमता विकास
- विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता
- कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया
- विद्यार्थीमा समालोचनात्मक चिन्तन विकास
- विद्यार्थी मूल्याङ्कन
- विद्यार्थी उपस्थिति

- विद्यार्थीमा सकारात्मक अनुशासन
- विद्यार्थीमा सहयोगी भावनाको विकास
- सिकाइमा विद्यार्थी उत्प्रेरणा
- विद्यार्थीमा स्वनिर्देशित सिकाइको बानी बसाउन
- विद्यार्थीमा सकारात्मक सोच विकास
- विद्यार्थीहरूलाई उनीहरूको सिकाइप्रति जम्मेवार बनाउने
- विद्यार्थीमा सिकाइ संस्कृतिको विकास
- कक्षा व्यवस्थापन

**परियोजना कार्य ४ : पाठ अध्ययन (Lesson Study)**

- शिक्षण तथा विद्यार्थीहरूको सिकाइमा केन्द्रित भई शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउन समूहमा कुनै एउटा पाठ शिक्षणका लागि तल दिइएको चक्रअनुसार पाठ अध्ययन गरी सोको प्रतिवेदन समेत तयार गर्ने




**परियोजना कार्य ५ : सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग**

- अध्यापन गर्ने विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त वेवबेस सामग्रीको खोजी तथा सङ्कलन वा डिजिटल सामग्रीको खोजी, निर्माण तथा सम्पादन वा सफ्टवेयरहरूको पहिचान गर्ने
- खोजी, सङ्कलन, निर्माण तथा सम्पादन गरिएका ती सूचना तथा सञ्चार प्रविधिका सामग्री प्रयोग गरी पाठ शिक्षण गर्ने

- ती सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको सिकाइमा परेको प्रभाव तथा शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ६ : सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग**

- अध्यापन गर्ने विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त पूरक सामग्री (सन्दर्भ सामग्री जस्तै : स्रोत सामग्री, थप पाठ्यसामग्री, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन आदि) को खोजी गर्ने
- उक्त पाठ शिक्षणमा ती पूरक सामग्री प्रयोग गर्ने
- प्रयोग गरिएका पूरक सामग्री (सन्दर्भ सामग्री) को नाम, प्रयोग गरिएको तरिका र शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने

**परियोजना कार्य ७ : सम्बन्धित विषय शिक्षणमा शिक्षण विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदिसम्बन्धी परियोजना कार्य**

- तालिममा सहभागी शिक्षकले आफूले अध्यापन गर्ने विषयमा अधारित शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी दिइएका परियोजना कार्यमध्ये कुनै एउटा परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

**१. मूल्याङ्कन अभिलेखीकरण साधन विकास**

- लेटर ग्रेडिङ निर्देशिका, २०७८, आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम, २०७६ मा विद्यार्थी मूल्याङ्कनसम्बन्धी भएको व्यवस्था र लेटर ग्रेडिङ पद्धति कार्यान्वयनका लागि सहयोगी पुस्तिका, २०७९ को अध्ययन गर्ने
- आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम, २०७६ मा रहेको विषयगत मूल्याङ्कन अभिलेखीकरण फारामका आधारमा थिमगत विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण साधन तथा Mark Ledger विकास गर्ने
- थिमगत विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण साधन र Mark Ledger विकासको प्रक्रियासहित आफ्नो अनुभव समेटेर प्रतिवेदन तयार पार्ने ।

२ . **सजावटका वस्तु निर्माण**

- कक्षा १-३ को हाम्रो सेरोफेरो विषयको हाम्रो सिर्जना विषय क्षेत्रअन्तर्गतका कुनै दुईओटा कोलाज वा माटाका सामान वा खेर गएका वस्तुबाट सजावटका वस्तु तयार पार्ने
- उक्त वस्तु निर्माण प्रक्रिया र विद्यार्थीलाई सिकाउने तरिका चरणबद्ध रूपमा प्रस्तुत गरी प्रतिवेदन तयार गर्ने ।

३. **पोर्टफोलियो निर्माण**

- विद्यार्थीको निम्नलिखित अभिलेखहरू समावेश गरी एउटा रिङ फाइलमा कुनै एक विद्यार्थीको पोर्टफोलियो तयार पार्ने
    - विद्यार्थीको व्यक्तिगत विवरण फाराम
    - उक्त विद्यार्थीको विषयगत सिकाइ उपलब्धि अभिलेख फाराम (नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषय)
    - ग्रेड सिट
    - विद्यार्थीको परियोजना कार्यहरू
    - विद्यार्थीका अन्य शैक्षिक एवम् व्यवहारगत विवरणहरू
- पोर्टफोलियो निर्माणको अनुभव तथा यसले विद्यार्थीको मूल्याङ्कनमा गर्ने सहयोगसम्बन्धी कुरा समेटी प्रतिवेदन तयार गर्ने ।

४. **शैक्षणिक सामग्री निर्माण र प्रयोग**

- आधारभूत तह कक्षा १-३ को आफूले अध्यापन गर्ने कुनै एक कक्षाको कुनै एक विषयको (नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयमध्ये कुनै एक) शैक्षणिक सामग्री तयार पार्ने
- उक्त शैक्षणिक सामग्रीको प्रयोग कसरी गर्न सकिन्छ विस्तृत क्रियाकलाप पनि तयार पार्ने
- उक्त क्रियाकलापअनुसार कक्षामा शिक्षण गर्ने
- शिक्षण गरिसकेपछि विद्यार्थीको सिकाइमा पारेको प्रभाव र आफ्ना अनुभूति समेत समेटेर प्रतिवेदन तयार पार्ने ।

*सम्भव भएमा उक्त सामग्री प्रयोग गरेर शिक्षण गर्दाको फोटो र भिडियो खिचेर प्रतिवेदनसँगै तालिम प्रदायक निकायमा पेस गर्ने*

५ .शब्दभण्डार शिक्षण

- पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान गर्ने
- शब्दोच्चारणमा विद्यार्थीले गर्ने त्रुटि पहिचान गर्ने
- शब्दभण्डार शिक्षणमा वस्तु प्रत्यक्षीकरण र शब्दार्थीकरण जस्ता विधि र तिनको उपयोग गर्ने
- शब्दभण्डार शिक्षणमा प्रयोग गर्न सकिने शैक्षणिक सामग्री निर्माण/सङ्कलन र नमुना प्रदर्शन
- निराकरणका उपायहरू यकिन गर्ने
- शिक्षण अनुभव र सिकाइमा आएको परिवर्तनसहितको प्रतिवेदन तयार गर्ने ।

**6.** Teaching Classroom Language

- List down thirty classroom exponents/expressions mostly used in the English class such as Good morning! How are you? Sit down. Open your homework. Please check my homework. Read this….. Listen to me. Speak loudly, etc.
- Make a week-long plan for teaching these expressions to enable your students use the expressions orally.
- Get feedback from the senior English teacher or head teacher to improve the plan and implement it.
- Now use the classroom language you taught and encourage your students to use them during the classroom instruction.
- Observe the progress of your students how they understand the language you use and how they respond to you in English.
- Prepare a report including your reflection in the format below:
    - Introduction
    - Narration of the plan
    - Process of implementation
    - Achievement
    - Reflection

- Keep the list of expressions you taught and your plan in the annex .

**७. तराजुको निर्माण र प्रयोग**

- प्लास्टिक वा कागजको प्लेट वा कप वा उपयुक्त अन्य वस्तुको सङ्कलन गर्ने
- प्लास्टिक वा कागजको प्लेट वा कपको प्रयोग गरी तराजु बनाउने
- दुई दुईओटा समान प्रकृतिका उपयुक्त वस्तुहरू अवलोकन गर्न लगाई कुन वस्तु गह्रौं छ र कुन वस्तु हलुका छ भनी अनुमान गर्न लगाउने
- उक्त तराजुको प्रयोग गरी कुन वस्तु गह्रौं छ र कुन वस्तु हलुका छ भनी पत्ता लगाउन विद्यार्थीलाई समेत सहभागी गराई परीक्षण गर्ने
- यस क्रियाकलापबाट विद्यार्थीको सिकाइमा सहभागिता र सिकाइसहित आफ्ना अनुभव समेटी प्रतिवेदन तयार गर्ने ।

**८. शैक्षिक प्रदर्शनी आयोजना**

- कक्षा १-३ का विद्यार्थीलाई हाम्रो सेरोफेरो विषयअन्तर्गतका सामाजिक अध्ययन, सिर्जनात्मक कला, विज्ञान तथा वातावरण र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका विषयवस्तुमा आधारित शैक्षणिक सामग्री तयार पार्न लागाई शैक्षिक प्रदर्शनी आयोजना गर्ने
  - शैक्षिक प्रदर्शनीका लागि निम्नअनुसारका कार्य गर्ने/गर्न लगाउने
  - विद्यार्थीलाई समूहमा विभाजन गर्ने
  - प्रत्येक समूहलाई हाम्रो सेरोफेरो विषयअन्तर्गतका सामाजिक अध्ययन, सिर्जनात्मक कला, विज्ञान तथा वातावरण र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका विषयवस्तुमा आधारित कुनै एउटा शैक्षणिक सामग्री छनोट गर्न लगाउने
  - छनोट गरिएको सामग्री बनाउन लगाउने

- शैक्षिक प्रदर्शनी आयोजना गरी निर्मित सामग्री के हो र त्यसले के कुराको जानकारी दिन्छ भन्ने सम्बन्धमा प्रत्येक समूहलाई प्रदर्शनीमा संलग्न अन्य विद्यार्थीलाई प्रस्तुत गर्ने
- प्रत्येक क्रियाकलापमा शिक्षकले आवश्यकताअनुसार सहयोग गर्ने

- यस प्रदर्शनीबाट विद्यार्थीको सिकाइ र उनीहरूमा विकास भएको सिपसहित आफ्ना अनुभव समेटी प्रतिवेदन तयार गर्ने ।

## ९. हर्बेरियम निर्माण

- विद्यार्थीलाई आफ्नो समुदायमा भेटिने विभिन्न बिरुवाका पात र फूल सङ्कलन गर्न लगाउने
- विद्यार्थीले सङ्कलन गरेका पात र फूललाई केही दिन पत्रिकाको पत्रभित्र थिचेर राख्न लगाउने
- फूल र पातहरूको रङ परिवर्तन नभई सुकेको अवस्था हुने र तिनलाई कापीको पानामा टाँसेर हर्बेरियम बनाएर कक्षामा प्रदर्शन गर्न लगाउने
- कार्यक्रमको फोटो र भिडियो पनि तयार पार्ने
- यस क्रियाकलापमा विद्यार्थी सहभागिता, सिर्जनात्मकता र कार्यसम्पादनका आधारमा विद्यार्थी मूल्याङ्कन गरी प्रतिवेदन तयार पार्ने ।

➢ *नोट : सामग्री निर्माण र प्रयोगसम्बन्धी परियोजना कार्यको हकमा शिक्षा तालिम केन्द्रमा प्रतिवेदन पेस गर्दा सामग्रीसमेत पेस गर्नुपर्ने छ ।*

ΩΩΩ